'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्याः ०८२/०८३
चलानी नम्बरः १८५४

मितिः २०८२।११।२६
ने.सं. ११४६, चिल्लागा

**<u>रोजगारीको खोजीमा रहेका व्यक्तिको अभिलेख तथा न्यूनतम रोजगारीको लागि सूचीकरण सम्बन्धमा</u>**

श्री वडा कार्यालय(सबै)
थाहा नगरपालिका, मकवानपुर।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १५ र १७ बमोजिम रोजगारीको खोजीमा रहेका व्यक्तिको अभिलेख तथा न्यूनतम रोजगारीका लागि सूचीकरण अन्तर्गत् आगामी आ. व. २०८३।०८४ मा सञ्चालन हुने न्यूनतम रोजगार कार्यक्रम, सीप सिकाइ, रोजगार, उद्यमशीलता विकास लगायत आन्तरिक रोजगार प्रवर्धन हुने विविध कार्यक्रममा संलग्न हुन इच्छुक बेरोजगार व्यक्तिहरुबाट मिति २०८२ चैत्र मसान्तभित्र तोकिएको ढाँचामा तपसिल बमोजिमको कागजातसहित निवेदन सङ्कलन/दर्ता गरी वडा अध्यक्षबाट प्रमाणित निवेदन/फाराम २०८३ बैशाख ७(सात) गतेभित्र यस थाहा नगरपालिकाको रोजगार सेवा केन्द्रमा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

**<u>मापदण्ड</u>**

१. निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १००(एक सय) दिनको रोजगारीमा संलग्न नभएको।
२ निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एक सय दिन रोजगारवापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको।
३. १८ वर्षदेखि ५९ वर्ष उमेर समूहको।
४. पूर्ण विवरणसहित रीतपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको।

**<u>आवश्यक कागजातहरु</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-एक प्रति
२. बसाइसराइ गरी आएकाको हकमा सोको प्रमाणपत्रको प्रतिलिपि-एक प्रति
३. अन्य जिल्लाबाट नागरिकता लिएको महिलाको हकमा विवाह दर्ताको प्रतिलिपि-एक प्रति
४. कुनै सीपमूलक तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि-एक प्रति
५. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई विदेश जान नपाएको भए उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपि-एक प्रति

***नोट :*** *निवेदनको ढाँचा यसैसाथ संलग्न छ। साथै थाहा नगरपालिकाको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ।*

............ निरज पौडेल...
प्रमुख प्रशासकीय अधिकृत